# 03 July 2024
## National News

मुख्य समाचार

- मणिपुरको अवस्था सामान्य बनाउन सरकार प्रयासरत रहेको प्रधानमन्त्रीले बताउनुभयो
- श्री हेमन्त सोरेन फेरि झारखण्डको नेतृत्व गर्न तयार
- छत्तीसगढमा सुरक्षा बल र नक्सलवादीहरूमाझ भएको भिडन्तमा पाँच नक्सलवादी मारिए
- श्री अश्विनी वैष्णवले भारत टेक्नोलोजीको लोकतान्त्रिकीकरण गर्न चाहन्छ भन्नुभयो
- युद्धक्षेत्रमा रहेका भारतीय नागरिकको अवस्थाबारे विदेश मन्त्री डा. जयशंकरले व्यक्त गर्नुभयो चिन्ता
- विम्बलडन टेनिसमा भारतका रोहन बोपन्ना अनि अस्ट्रेलियाका मैथ्यू एबडेनको जोडी आफ्नो अभियानको थालनी गर्दै

राज्यसभा-प्रधानमन्त्री सम्बोधन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले राज्यसभामा राष्ट्रपतिको अभिभाषणको धन्यवाद प्रस्तावमाथिको छलफलको जवाफ दिँदै मणिपुर, NEET पेपर लीकलगायतका धेरै मुद्दाहरूमाथि आफ्नो विचार व्यक्त गर्नुभयो। यस क्रममा उहाँले सरकारले मणिपुरको अवस्था सामान्य बनाउन प्रयास गरिरहेको बताउनु भयो। उहाँले उपद्रवीहरूलाई कडा सन्देश पनि दिनु भयो। श्री मोदीले भन्नुभयो, सरकारले मणिपुरको अवस्था सामान्य बनाउन निरन्तर प्रयास गरिरहेको छ। त्यहाँ भएका घटनाका सम्बन्धमा ११ हजारभन्दा धेरै  एफआइआर दर्ता भएका छन् भने ५ सयभन्दा धेरै पक्राउ परेका छन् । उहाँले भन्नुभयो, मणिपुरमा हिंसाका घटनाहरू निरन्तर घट्दै गएका छन् भन्ने कुरा पनि हामीले स्वीकार गर्नुपर्छ। आज मणिपुरका अधिकांश भागहरूमा स्कूल-कलेजहरू खुला छन्। जसरी देशमा परीक्षाहरू भए, त्यहाँ पनि परीक्षाहरू भए। बालबालिकाले आफ्नो विकास यात्रा जारी राखेका छन् ।

उहाँले केन्द्र र राज्य सरकारले सबैसँग वार्ता गरेर सद्भावको बाटो खोल्ने प्रयास गरिरहेको बताउनुभयो। साना समूहसँग वार्ता भइरहेका छन्, भन्नुभयो । समस्या समाधानका लागि हरसम्भव प्रयास भइरहेको प्रधानमन्त्रीले बताउनुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, हामीले परिस्थितिलाई बुद्धिमानीपूर्वक सुधार्ने प्रयास गर्नुपर्छ। यसमा सहयोग गर्न चाहने सबैलाई साथ दिन सरकार तयार छ। हामी सामान्य स्थिति कायम राख्न र शान्ति ल्याउन सक्दो प्रयास गरिरहेका छौं।

NEET पेपर लीक मुद्दामा विद्यार्थीहरूलाई आश्वासन दिँदै, श्री मोदीले दोषीहरूलाई कडा सजाय दिइने बताउनु भयो।

उहाँले भन्नुभयो, 'पेपर लीकजस्तो संवेदनशील विषयमा राजनीति नहोस् भन्ने हाम्रो चाहना थियो, तर प्रतिपक्षलाई बानी नै परिसकेको छ । युवाको भविष्यसँग खेलवाड गर्नेविरुद्ध कडा कार्बाही गरिने प्रधानमन्त्रीले आश्वासन दिनुभयो।

कंग्रेसलाई संविधानको सबैभन्दा ठूलो विरोधी भन्दै प्रधानमन्त्री श्री नरेन्द्र मोदीले कंग्रेसको आलोचना गर्नुभयो। उहाँले कंग्रेसको मानसिकता अनुसूचित जाति, अनुसूचित जनजाति र अन्य पछौटे वर्गको विरोध गर्ने किसिमको भएको आरोप लगाउनु भयो।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले संविधान अनुच्छेदहरूको संग्रह मात्र नरहेर, यसको भावना र शब्दहरू सरकारका लागि मूल्यवान रहेको बताउनु भयो। श्री मोदीले भन्नुभयो, संविधान सरकारलाई दिशा देखाउने प्रकाश स्तम्भ हो।

एनडीए सरकारको तेस्रो कार्यकालमा सरकारको दृष्टिकोणबारे स्पष्ट पार्दै प्रधानमन्त्रीले गरिबीविरुद्धको लडाइ सरकारको प्रमुख एजेन्डा हुने बताउनुभयो । उहाँले गरिबीविरुद्ध देशको विजय हुने विश्वास वक्त गर्नुभयो। उहाँले तेस्रो कार्यकालमा देशलाई विश्वकै तेस्रो ठूलो अर्थतन्त्र बनाउन सरकार प्रतिबद्ध रहेको बताउनु भयो । प्रधानमन्त्रीले अबको पाँच वर्षमा देशले सार्वजनिक यातायातमा व्यापक परिवर्तन गर्ने बताउनुभयो ।

यसअघि आज बिहान सदनको बैठक सुरु हुँदा राष्ट्रपतिको सम्बोधनमाथिको धन्यवाद प्रस्तावमाथिको छलफल पुनः सुरु भएको थियो, जसमा विभिन्न दलका सदस्यहरूले भाग लिनुभयो।

धन्यवाद प्रस्तावपछि सभापतिले राज्यसभाको कार्वाही अनिश्चित कालका लागि स्थगित भएको घोषणा गर्नुभयो।

<u>झारखण्ड हेमन्त सोरेन</u>

झारखण्ड मुक्ति मोर्चाका कार्यकारी अध्यक्ष श्री हेमन्त सोरेन फेरि झारखण्डको नेतृत्व गर्ने तय भएको छ। श्री हेमन्त सोरेनलाई फेरि मुख्यमन्त्री बनाउने निर्णय जेएमएम, कंग्रेस र आरजेडीका विधायकहरूको बैठकमा गरिएको छ । बैठक मुख्यमन्त्री श्री चम्पाई सोरेनको आधिकारिक निवास राँचीमा भएको थियो।

श्री हेमन्त सोरेनले यसै वर्ष 31 जनवरीमा ईडीले मनी लान्ड्रिंग मुद्दामा पक्राउ गरेपछि मुख्यमन्त्री पदबाट राजीनामा दिनु भएको थियो।

केजरीवाल - अदालत

आबकारी नीतिसँग सम्बन्धित मनी लान्ड्रिंग मुद्दामा दिल्लीको राउज एभिन्यू अदालतले आज दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवालको न्यायिक हिरासत 12 जुलाईसम्मको लागि बढाएको छ।

अदालतले दिल्लीका पूर्व उपमुख्यमन्त्री श्री मनीष सिसोदिया र बीआरएस विधायक के कविताको न्यायिक हिरासतलाई पनि 25 जुलाई सम्म बढाएको छ।

छत्तीसगढ- भिडन्त

छत्तीसगढको नारायणपुर जिल्लामा सुरक्षा बल र नक्सलवादीहरूमाझ भएको भिडन्तमा पाँच नक्सलवादी मारिएका छन्। भिडन्तपछि सुरक्षा बलले नक्सलवादीहरूको शव फेला पारेका छन्। नारायणपुरको अबुझमद क्षेत्रमा मंगलबारदेखि सुरक्षा बल र नक्सलवादीबीच भिडन्त चलिरहेको थियो।

हातरस भागदौड

उत्तर प्रदेशका मुख्यमन्त्री श्री योगी आदित्यनाथले आज हातरसको सरकारी अस्पतालमा भागदौडमा घाइते भएका मानिसहरूलाई भेट्नु भयो। मुख्यमन्त्रीले घटनाको समीक्षा बैठक गर्नका साथै घटनास्थलको पनि भ्रमण गर्नुभयो। हिजो सत्सँगका क्रममा भएको भागदौडमा उत्तर प्रदेश, हरियाणा, मध्य प्रदेश र राजस्थानका 121 जनाको मृत्यु भएको थियो । 31 जना घाइतेको उपचार चलिरहेको छ ।

राज्य सरकारले आगराका अतिरिक्त पुलिस महानिदेशकको नेतृत्वमा विशेष अनुसन्धान दल गठन गरेको छ। श्री योगीले भन्नुभयो, उच्च न्यायालयका सेवानिवृत्त न्यायाधीशहरूको नेतृत्वमा यस विषयमा न्यायिक छानबिन हुनेछ। राज्य सरकार र केन्द्र सरकारले दुर्घटनामा परी ज्यान गुमाउनेहरूलाई अनुग्रह राशि दिने घोषणा पनि गरेका छन्।

MP-खाद्य विषाक्तता

मध्य प्रदेशको इन्दौरमा विषाक्त खानाका कारण पाँच जना बालक बालिकाको मृत्यु भएको छ । इन्दौरका जिल्ला अधिकारी श्री आशिष सिंहले दिएको जानकारी अनुसार कुल 38 जना बालकबालिकाको उपचार भइरहेको छ। उहाँले आगामी ४८ घण्टामा कुनै पनि बालक बालिकामा लक्षण देखिए अस्पतालमा भर्ना गरिने बताउनु भयो ।

ग्लोबल इन्डिया एआई सम्मेलन

इलेक्ट्रोनिक्स एवम् सूचना प्रविधि मन्त्री श्री अश्विनी वैष्णवले आर्टिफिसियल इन्टेलिजेन्स एआईको क्षमतालाई उपयोग गर्ने भारतको दृष्टिकोणको उद्देश्य टेक्नोलोजीको लोकतान्त्रिकीकरण रहेको बताउनु भएको छ।

आज नयाँ दिल्लीमा ग्लोबल इन्डिया एआई शिखर सम्मेलनको उद्घाटन गर्दै, श्री वैष्णवले टेक्नोलोजी सबैको लागि पहुँचयोग्य हुनुपर्छ भन्नु भयो। उहाँले भन्नुभयो, सरकारले छिट्टै भारत एआई मिशन सुरु गर्ने छ, जसको लागत १० हजार करोड रुपियाँ हुनेछ।

दुई दिने शिखर सम्मेलनमा AI अनुप्रयोगहरू, यसको कार्यप्रणाली र प्रतिभाको पोषण गर्न र AI आविष्कारहरू मापन गर्न डिजाइन गरिएका सत्रहरूमा विविध विषयमा छलफल हुनेछन्।

स्वास्थ्य मन्त्रालय - जिका भाइरस

महाराष्ट्रमा जिका भाइरसका केही रिपोर्ट सामुन्ने आएपछि स्थितिलाई ध्यानमा राख्दै स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले राज्यहरूलाई परामर्श जारी गरेक छ। परामर्शमा जिका भाइरसको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने निर्देश दिइएको छ ।

जयशंकर-रूस

विदेश मन्त्री डा. एस जयशंकरले आज कजाकिस्तानको अस्तानामा रुसका विदेशमन्त्री श्री सर्गेई लाभरोभसँग युद्धक्षेत्रमा रहेका भारतीय नागरिकको अवस्थाबारे गहिरो चिन्ता व्यक्त गर्नुभयो। डा. जयशंकरले उनीहरूको सुरक्षा र शिघ्र वापसीको निम्ति आग्रह गर्नुभयो। दुवै मन्त्रीले संघाई सहयोग संगठन शिखर सम्मेलनको क्रममा भारत-रूस द्विपक्षीय साझेदारी र समसामयिक मुद्दाहरूमा व्यापक वार्ता गर्नुभयो। गत वर्षको दिसम्बरमा भएको भेटवार्तापछि दुवै देशले विभिन्न क्षेत्रमा भएका प्रगतिबारे छलफल गरेका थिए।

विम्बलडन

विम्बलडन ओपन टेनिसमा भारतका रोहन बोपन्ना अनि उनका जोडीदार अस्ट्रेलियाका मैथ्यू एबडेनले आज लन्दनमा आफ्नो अभियानको थालनी गर्नेछन्। पुरुष डबल्सको पहिलो चरणमा बोपन्ना र एबडेनको भिडन्त फ्रान्सका जियोवानी मपेत्सी पेरिकार्ड अनि एड्रियन मन्ना रिनो को जोडीसित हुनेछ। भारत-अस्ट्रेलियाई जोड़ीलाई यस टूर्नामेन्टमा दोस्रो वरीयता प्राप्त भएको छ।